राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY

१६ औं वार्षिकोत्सव





वर्ष-१६ ।। अङ्क : १४७ ॥ २०८१ असार २३ गते आईतबार (7th Jul 2024 Sunday) | Pratidin National Daily | मूल्य-रु.५/-

# बिर्तामोड बसपार्कको ११५३ कित्ता रोक्का

बिर्तामोड(प्रस) । सर्वोच्चको फैसला आएदेखि मालपोत कार्यालय झापाले बिर्तामोड बसपार्कको जग्गाको कारोबार रोकेपछि अर्बौको लगानी गरेका पाँच सयभन्दा बढी जग्गाधनी समस्यामा परेका छन् । सर्वोच्चको फैसलाले बसपार्कको ११५३ कित्ता रोक्का भएको छ। त्यसबाट उत्पन्न अन्यौलतालाई छिटो अन्त्य गर्न बसपार्कबासीहरुले माग गरेका छन् ।

गत बैशाख ३१ गते सर्वोच्च अदालतले गिरीबन्धु टि इस्टेटको जग्गाको बारेमा फैसला सुनाएको थियो । सर्वोच्चले गिरीबन्धु टि स्टेटको ३४३ बिगाह १९ कठ्ठा १२ धुर जग्गा सट्टापट्टा हुन नसक्ने फैसला सुनाउँदै २०६५ सालमा बिक्री वितरण भइसकेको बिर्तामोड बसपार्कको ५१ विगाह जग्गालाई समेत फैसलामा जोडेको थियो। त्यसपछि बिर्तामोड बसपार्कको जग्गाको बारेमा उत्पन्न अन्यौलताका विषयमा मालपोत कार्यालय झापाले स्पष्ट पारिदिन भूमिसुधार मन्त्रालयलाई पत्र पठाएकोमा अझैसम्म त्यसको प्रतिउत्तर नआएको प्रमुख मालपोत अधिकृत शेरबहादुर भण्डारीले बताए । करिव १५ वर्षअघि बिक्री वितरण भइसकेर तेस्रो पक्षमा गइसकेको बिर्तामोड बसपार्कको जग्गाको विषयमा सर्वोच्चले गरेको फैसलाको स्पष्ट व्याख्या नहुँदा र भूमिसुधार मन्त्रालयले समेत प्रतिउत्तर



नपठाउँदा बिर्तामोड बसपार्कबासी चिन्तित र अन्यौल बनेका छन् । गिरीबन्धुको बारेमा सर्वोच्चले उत्पन्न गराएको अन्यौलता र आफूहरुलाई परेको समस्यालाई लिएर उनीहरु संघर्ष समिति गठन गरी आन्दोलित छन् । सर्वोच्चको फैसलापछि आत्तिएका अर्जुनधारा -११ र बिर्तामोड-५ स्थित बिर्तामोड बसपार्कका जग्गाधनी र अन्य सरोकारवालासँग सभामुख देवराज घिमिरेले छलफल गरेका छन् । सभामुख घिमिरेले आफ्नै अगुवाईमा भेला आयोजना गरेर त्यहाँको समस्याको बारेमा जानकारी लिएका थिए । भेलामा सभामुख घिमिरेले वैधानिक हिसावले जमिन खरिद गरेका जग्गाधनीहरुलाई चिन्तित नहुन आग्रह गरेका छन् । विधिसम्मत खरिद बिक्री भइसकेको जग्गाबारे अन्यौल राख्न नहुने सभामुखको धारणा थियो । 'यो विषयलाई माथिबाटै टुंगो लगाउनुपर्छ ' सभामुख घिमिरेले भने, 'बसपार्कबासीले भोगिरहेका समस्या छिटोभन्दा छिटो समाधान हुनुपर्छ । बसपार्कबासीको सुरक्षा हुनुपर्छ ।' फैसलापछि नागरिकको दैनिक व्यवहार गर्न गाह्रो भएको भन्दै सभामुख घिमिरेले मन्त्रालय, मन्त्री र प्रधानमन्त्रीसँग समेत ५१ विगाहभित्र बसोबास गर्नेहरुको सुरक्षाका लागि आवश्यक पहल गरिरहेको जानकारी दिए । प्रमुख जिल्ला अधिकारी बन्धुप्रसाद बास्तोलाले बसपार्कको जग्गा यदि सरकारीकरण गरिने भए त्यहाँका जग्गाधनीहरुलाई राज्यले क्षतिपूर्ति दिनुपर्ने बताए । अर्जुनधाराका नगर प्रमुख बलदेवसिंह गोम्देनले सर्वोच्चको फैसलापछि बसपार्कका नागरिकहरु दुःखी भएको भन्दै सुरक्षा प्रदान गर्न आफू प्रतिबद्ध रहेको बताए । भेलामा बिर्तामोड नगरपालिकाकी नगर प्रमुख पवित्रा महतारा प्रसाई , अर्जुनधारा ११ का वडाध्यक्ष खगेन्द्र इङनाम , जग्गाधनीको प्रतिनिधित्व गर्ने समन्वय समितिका सचिव शिवराज पौडेलले पनि समस्याका बारेमा सभामुखलाई जानकारी गराएका थिए ।

टेकबहादुर गिरी बसपार्कसमेत रहेको ५१ विगाह जग्गामा ४०२ वटा घर निर्माण भएका छन् । ५१ विगाह जग्गामध्ये ३८ विगाह जग्गा प्लटिङ गरिएको थियो भने बाँकी खाली नै रहेको छ । प्लटिङमा आवासीय घरसंगै टेकबहादुर गिरी बसपार्क, पाथीभरा इन्जिनियरिङ कलेज ,कान्तिपुर ड्राइभिङ सेन्टरजस्ता व्यवसायिक संस्था छन् । त्यस्तै दुई दर्जनको हाराहारीमा होटलहरु संचालनमा रहेका छन् ।

## बसपार्कको जग्गा बिक्री हुन छाड्यो



बिर्तामोड(प्रस) ।सर्वोच्चको फैसलापछि उत्पन्न अन्यौलताका कारण बिर्तामोड बसपार्कको जग्गा बिक्री हुन छाडेको छ । ७ करोड लगानी गरेको घरजग्गा ४ करोडमा समेत बिक्री नभएको त्यहाँका एक जग्गाधनीले बताएका छन् ।

७ करोडको घरजग्गा ४ करोडमा बिक्री गर्नका लागि गरिएको बैना फिर्ता मागेपछि एकजना पीडित आफूकहाँ आइपुगेको सभामुख देवराज घिमिरेले बताए । 'बसपार्कमा करोडौंको लगानी गरेका छन् 'उनले बसपार्कबासीहरुको भेलामा भने,' बसपार्कबासी र उनीहरुको लगानीको सुरक्षा हुनुपर्छ ।'

बसपार्कमा आफूहरुको सर्वस्व लगानी भएकाले त्यसलाई डुब्न नदिन समन्वय समितिका सचिव शिवराज पौडेलले आग्रह गरे । उनले सर्वोच्चको फैसलापछि बसपार्कको जग्गा किनबेच , धितो पास सबै रोकिँदा निकै समस्या परेको सुनाए । अर्जुनधारा ११ र बिर्तामोड ५ मा रहेको बसपार्कका सम्बन्धित वडा कार्यालयहरुले सिफारिस भने नरोकेको वडाध्यक्षहरुले बताएका छन् । करिव १५ वर्षअघि बिक्री वितरण भइसकेर तेस्रो पक्षमा गइसकेको बिर्तामोड बसपार्कको जग्गाको विषयमा सर्वोच्चले गरेको फैसलाको स्पष्ट व्याख्या नहुँदा र भूमिसुधार मन्त्रालयले समेत प्रतिउत्तर नपठाउँदा यतिबेला बिर्तामोड बसपार्कबासी चिन्तित र अन्यौल बनेका छन् ।

## पहिरोमा परी तीन जनाको मृत्यु



झापा(प्रस) । पहिरोमा परी स्याङ्जामा तीन जनाको मृत्यु भएको छ । शनिवार बिहान ८:२० बजे स्याङ्जाको बिरुवा गाउँपालिका ६ स्याङदी माझकोटमा पहिरो गएको हो ।

पहिरोले बगाई वर्ष ६५ की गुहेश्वरी शर्मा मरासिनी, बर्ष ७१ का माधब शर्मा र उनकी श्रीमती वर्ष ६७ की हरिमाया शर्माको मृत्यु भएको हो । साँझ ४:४५ बजे प्रहरी टोली घटनास्थलमा पुगी स्थानीयको सहयोगमा उद्धार गर्ने क्रममा तीनै जनालाई मृत अवस्थामा फेला पारेको जनाइएको छ । पहिरोमा परी पाँचजना घाइते भएका छन् । बर्ष ५३ की ईश्वरी लम्साल, बर्ष ५५ का तिर्थ लम्साल, वर्ष ३६ का हरि लम्साल, वर्ष ३१ की चन्द्रा के.सी. र वर्ष ३६ की रेनुका लम्साल घाइते भएका हुन् । गुहेश्वरी शर्मा मरासिनीको एकतले २ कोठे पक्की घरदेखि अन्दाजी १५० मिटर माथिबाट पहिरो आई घर पुरेर पूर्णरुपमा क्षति भएको छ भने सोही ठाउँ बस्ने माधब शर्माको एकतले २ कोठे पक्की घरसमेत बगाएको छ ।

# एउटै विद्यालयमा पाँच जोडी जुम्ल्याहा विद्यार्थी

लक्ष्मी उप्रेती

मेचीनगर । परिवारमा सन्तानको जन्म भएपछि सवैभन्दा बढी कोही खुशी हुन्छन् भने उसका आमाबाबु नै हुन्छन् । त्यसपछि अन्य परिवारका सदस्यहरु । बच्चा जन्मनु खुशीको कुरा हो । बच्चाकै कारण घरमा खुशी छाउने गर्छ । अझ बढी खुशी त त्यो समयमा हुन्छ जतिबेला घरमा एउटा मात्र हैन, दुई–दुई वटा जुम्ल्याहा बच्चाको आगमन एकैचोटी हुन्छ ।

झापाको मेचीनगर –१४ दुहागढीमा रहेको बाल सुबोधिनी माध्यमिक विद्यालय विभिन्न रचनात्मक कामले निकै चर्चामा छ । त्यस विद्यालयमा हरेक दिन फरक फरक र नयाँ कामको शुरु हुन्छ । जिल्लाका अन्य सामुदायिक विद्यालयहरुमध्ये यस विद्यालयले फरक रुपमा आफ्नो परिचयलाई स्थापित गरेको छ । त्यसकारण पनि प्रत्येक दिन जिल्लाभित्रका हुन् या बाहिरका अन्य विद्यालयहरु बाल सुबोधिनीको सफल सिकाई अध्ययन गर्न आउने गरेका छन् ।

त्यस विद्यालयका शिक्षक शिक्षिकाहरुको सामूहिक नृत्यले होस् वा विद्यार्थीहरुले विद्यालय परिसरमा लगाएको मौसम अनुसारको खेती अनि दिवा खाजाका रुपमा कहिले सिमल तरुल र सुठुनीदेखि तिलका लड्डु होस् वा खीर अनि असार १५ मा खान दही चिउरा, केरा, र कटहर तथा सामुदायिक विद्यालय भएपनि परीक्षाको परिणाम र पोशाकले




निजीभन्दा कम नरहेको थुप्रै विषयले बाल सुबोधिनी माध्यमिक विद्यालय चर्चामा छ ।

पछिल्लो समय यो विद्यालय अर्को एउटा कारणले पनि आकर्षणको रुपमा रहेको छ । त्यो हो त्यस विद्यालयमा अध्ययनरत पाँच जोडी जुम्ल्याहा विद्यार्थीहरु । विद्यालयका प्रधानाध्यापक विश्व थापाका अनुसार अहिले त्यस विद्यालयमा फरक- फरक कक्षामा पाँच जोडी जुम्ल्याहा विद्यार्थी अध्ययनरत छन् । अध्ययनरत विद्यार्थीहरुमध्ये निशान घिमिरे र निर्जल घिमिरे, गंगा डाँगी र लक्ष्मण डाँगी तथा गंगा घिमिरे र जमुना घिमिरेगरी तीन जोडी कक्षा ७ को अंग्रेजी माध्यमको सेक्सन ' बी' मा अध्ययनरत छन् । निशान र निर्जल दाजुभाइ हुन् । गंगा र लक्ष्मण दिदीभाइ, गंगा र जमुना दिदीबहिनी हुन् ।

आइसा र फिरोजा दिदीबहिनी हुन् । उनीहरु नेपाली माध्यमको कक्षा ६ सेक्सन 'ए' मा अध्ययनरत छन । त्यसैगरी, कक्षा १ मा अध्ययनरत गंगा र जमुना पनि दिदीबहिनी हुन् । यी पाँचै जोडीको रुचि प्रायः समान छ । पढाईसँगै खेलकुदमा समेत उनीहरुको रुचि रहेको प्रधानाध्यापक थापा बताउँछन् । ' उनीहरुको हाउभाउ चालचलन सवैको एकै प्रकारको भए पनि शिक्षण सिकाईमा समान छैन' प्रधानाध्यापक थापाले भने ,'कोही अब्बल छन् त कोही थोरै कमजोर छन् तर, अन्य विद्यार्थीहरुको तुलनामा चाँहि नतिजा उत्कृष्ट नै छ ।' जोडीमध्ये कोही एकजना विद्यालय नआउने भएमा दुवैजना आउँदैनन् । विद्यालयमा सँगै बस्ने, हिडडुल गर्ने खाजा समेत सँगै खाने गर्ने गरेको प्रधानाध्यापक थापा बताउँछन् । उनीहरुको मूल्याङ्कन गर्ने क्रममा समेत शिक्षकलाई गाह्रो हुन्छ । शिक्षकलाई नाम थाहा भए पनि कुन विद्यार्थी हो भन्ने थाहा हुन गाह्रो हुने हुँदा उनीहरुलाई नाम भनेर उठाइन्छ र चिन्ने गरिन्छ । शिक्षकले नाम सोधेर मात्र चिन्ने गरिएको प्रअ थापाको भनाई छ । अन्य विद्यालयबाट अध्ययन अवलोकनका लागि आउने जो कोहीका लागि सबैभन्दा पहिला यी जुम्ल्याहा विद्यार्थी नै रोजाईमा छन् । उनीहरु पनि जो कोहीसँग पनि खुलेरै बोल्छन् ।

# फस्टाउँदै गम्छा संस्कृति

झापा(प्रस) । तराईका विभिन्न समुदायले प्रयोग गर्ने गाम्छा (गम्छा)को प्रचलन निकै बढेको छ । व्यक्तिगत प्रयोगसंगै प्रायः हरेक कार्यक्रममा अतिथि सम्मानका लागि गम्छाको आमप्रचलन बढ्दै गएको हो । आदिवासी तथा मधेसी समुदायले पोशाकको रुपमा लगाउन र जिउ पुछ्न गम्छा प्रयोग गर्दै आएका छन् । पुरुषहरुका लागि




कमिज र धोतीमा तथा महिलाहरुका लागि पेटानीमा गम्छा अनिवार्य पोशाक हो । त्योसंगै जिउ पुछ्न र शरीरमा लगाउन गम्छा अति उपयोगी बस्त्र पनि हो । आदिवासी र मधेसीको कार्यक्रममा मात्र नभएर अहिले प्रायः सबै कार्यक्रममा गम्छा नै प्रयोग गरिन्छ । अतिथिहरुलाई गम्छा ओढाइदिएर सम्मान गर्ने चलन नै चलिसकेको छ । गम्छालाई अँगोछा पनि भन्ने गरिन्छ । गम्छा(गांमछा) भन्ने शव्द आसामी भाषाबाट आएको भनाई छ। आसामी भाषामा गा भनेको शरीर र मछा भनेको पुछ्नु हो । गम्छा विभिन्न प्रकारका हुन्छन् । राजवंशी जातिले लगाउने गम्छा, थारु जातिले

❖ बाँकी अन्तिम पृष्ठमा



# सोनु, अर्जुन र अनिश बने रोङ गट ट्यालेन्ट

रोङ(प्रस) । इलामको रोङ गाउँपालिकाले सञ्चालन गरेको रोङ प्रतिभाको खोजीको फाइनल अडिसन सम्पन्न भएको छ ।
गायन, नृत्य र कबिता बिधामा सञ्चालन भएको प्रतियोगितामा नृत्यतर्फ सोनु लावती प्रथम, सरस्वती मुखिया दोस्रो र आरध्या अर्याल तेस्रो भएका छन् ।त्यसैगरी निस्ता राई चौथो र प्रज्ञा भुजेल पाँचौ भएका छन् । त्यसैगरी गायनतर्फ अर्जुन खड्का प्रथम, सौगात सुब्बा दोस्रो र एलिना राई तेस्रो घोषित भए । गायनमा देवधन राई चौथो र हर्कमान सुन्दास पाँचौ घोषित भए ।

त्यसैगरी कबितातर्फ अनिश राई प्रथम, तिलकराज कोइराला दोस्रो र सामुएल गजमेर तेस्रो भएका छन् । कबितामा सुष्मा राई चौथो र तेजकुमारी चौलागाई पाँचौ भएका छन् । प्रतियोगितामा बिजयी सबैलाई आयोजकले नगद पुरस्कार, प्रमाणपत्र तथा मेडल र ट्रफी प्रदान गरेको थियो ।

यसअघि बिभिन्न चरणमा भएका प्रतिस्पर्धाबाट कविता विधामा सामुएल गजमेर , अनिश राई , तिलकराज कोइराला , तेजकुमार चौलागाईं र सुष्मा राई फाइनलमा प्रवेश गरेका थिए । यस्तै, गायन विधातर्फ सौगात सुब्बा , हर्कमान सुन्दास , एलिना राई, अर्जुन खड्का र देवधन राई फाइनलका लागि छानिएका थिए ।

नृत्य विधामा निस्ता राई , प्रज्ञा भुजेल , आरध्या अर्याल, सोनु लावती र सरस्वती मुखिया फाइनलमा प्रवेश गरेका थिए । गाउँपालिकामा लुकेर रहेका प्रतिभाको खोजी गर्न रोङले सञ्चालन गरेको यो प्रतियोगितालाई कलाकर्मीहरुले प्रशंसा गरेका छन् ।
यो प्रतियोगिताको लागि गाउँपालिकाले नीति तथा कार्यक्रममा बजेटको ब्यवस्था गरेर आगामी बर्ष हिउँदकै समयमा सञ्चालन गर्ने गाउँपालिका अध्यक्ष मणिकुमार स्याङ्बोले बताए ।

# झापाका हर्क राई भए मि. कोशी च्याम्पियन



बिर्तामोड(प्रस) । झापाका हर्कबहादुर राई प्रथम मिस्टर कोशी च्याम्पियन बनेका छन् । उनले उत्कृष्ट चार वटा तौल समूहका विजेतालाई पछि पार्दै च्याम्पियन बनेका हुन् ।
शनिवार बिर्तामोडमा सम्पन्न प्रदेशस्तरीय प्रतियोगितामा ग्यालेक्सी फिटनेसबाट ७० केजी तौल समूहमा सहभागिता जनाएका उनले ओभरअल च्याम्पियन बन्दै उपाधिसहित १ लाख ५० हजार र ट्रफी प्राप्त गरेका छन् ।प्रतियोगिताको फस्ट रनरअप झापाका अभिजित राजवंशी भए । उनले नगद १ लाखसहित ट्रफी पाउँदा सेकेण्ड रनरअप मोरङका टंकबहादुर मगर बने । उनले नगद ५० हजार र ट्रफी पाए । चौथो स्थानमा ६५ केजी तौल समूहका उदयपुरका अमनकुमार शाह बने उनले नगद ३० हजार पाउँदा पाँचौँ स्थानमा ५५ केजीका अनिश राई भए । उदयपुरका अनिशले नगद २० हजारमा चित्त बुझाएका छन् ।
प्रदेश सरकारको खेलकुद विकास बोर्डको आयोजना, झापा जिल्ला खेलकुद विकास समितिको संयोजन तथा झापा बडिबिल्डिङ तथा फिटनेस संघको प्राविधिक सहयोगमा सम्पन्न प्रतियोगिताको उद्घाटन खानेपानी तथा ऊर्जा मन्त्री एकराज कार्कीले गरेका थिए ।
बोर्डका सदस्य गौरीमान राई, जलकुमार गुरुङ, झापा खेलकुदका अध्यक्ष भेषराज भण्डारी (प्रशान्त)लगायतले विजेतालाई पुरस्कार वितरण गरेका थिए ।




# राष्ट्रिय वाणिज्य संघको अध्यक्षमा चिमरिया

झापा(प्रस) । नेकपा एमालेनिकट नेपाल राष्ट्रिय वाणिज्य संघ झापाको अध्यक्षमा नारायणप्रसाद चिमरिया निर्वाचित भएका छन् । शनिवार बिर्तामोडमा सम्पन्न दोस्रो जिल्ला सम्मेलनबाट चारबर्षे कार्यकालका लागि अध्यक्षमा चिमरिया चुनिएका हुन् ।
त्यस्तै उपाध्यक्षद्वयमा मोहनप्रसाद सुवेदी, रमेश अधिकारी , सचिवमा यामनाथ बिमली, कोषाध्यक्षमा मिनाल तिम्सिना, सह-सचिवमा कृष्ण तिवारी निर्वाचित भएका छन् ।सदस्यहरुमा भुवन कार्की, निर्मला खरेल ओडारी र सुशिला कटुवाल चयन भएका छन् ।
नेपाल राष्ट्रिय वाणिज्य संघका केन्द्रीय उपाध्यक्ष केदार लामिछानेको प्रमुख आतिथ्य तथा संघका झापा अध्यक्ष पर्वत कार्कीको अध्यक्षतामा उद्घाटन समारोह भएको थियो ।
कार्यक्रममा नेपाल राष्ट्रिय वाणिज्य संघका केन्द्रीय सचिव भिष्मराज खरेल, नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य उमेश डालमिया, नेपाल राष्ट्रिय वाणिज्य संघका केन्द्रीय सदस्य कुलप्रसाद खरेल, नेकपा एमाले झापाका अध्यक्ष प्रेमबहादुर गिरी, उपाध्यक्ष शिव ढुङ्गेललगायतको आतिथ्यता रहेको थियो ।

कार्यक्रममा नेकपा एमालेका बिर्तामोड अध्यक्ष सुवास भट्टराई, एमाले कार्यालय सचिव छबिलाल विक, उद्योग तथा व्यवसायी महासंघका केन्द्रीय सदस्य रिङकुमार आचार्यलगायतले शुभकामना मन्तब्य राखेका थिए । कार्यक्रमको औचित्यमाथि भिष्मराज खरेलले प्रकाश पारेका थिए ।

## फस्टाउँदै...

लगाउने गम्छा, सन्थाल जातिले लगाउने गम्छा, धिमाल जातिले लगाउने गम्छा,मेचे जातिले लगाउने गम्छा , आसामीहरुले लगाउने गम्छा फरक फरक हुन्छन् । पछिल्लो समय पूर्वी नेपालमा आसामी गम्छाको प्रचलन चलेको छ । सेतो , पहेँलो र विभिन्न रंग र बुट्टामा आसामी गम्छाको प्रयोग पूर्वी तराईमा बढ्दो छ । आसामी गम्छाको माग भएपछि आफूले भारतबाट मगाइदिने गरेको बिर्तामोड ३ का आसिनलाल राजवंशी बताउँछन् । परम्परादेखि चल्दै आएको कोठे गम्छाभन्दा अहिले आसामी गम्छाको माग बढेको उनको भनाई छ । त्यस्तै झापाका बजार हरुमा पनि आसामी गम्छा किन्न पाइन्छ । घरायसी प्रयोग र कार्यक्रमका लागि मात्र नभएर कतिपय नेताहरु गम्छाको सौखिन पनि छन् । बाहिर जाँदा घाँटीमा गम्छा लगाउनै पर्ने सौख देउकुमार थेबे , उद्धव थापा , शेरबहादुर थापा , कृष्ण हुमागाई, एकराज कार्कीलगायतका नेताहरुको छ । कांग्रेसीहरुसंगै अन्य दलका नेताहरु गम्छा लगाउने गरेको भेटिन्छ । सुती कपडाबाट बनेको हल्का पोशाक गम्छा शरीर पुछ्न अति उपयोगी भएरै राजनीति गर्नेदेखि लिएर सर्वसाधारणसम्मले प्रयोग गर्ने गरेको बिर्तामोड ५ का लवकुमार चौधरी बताउँछन् । आयोजकले सम्मान दिएको गम्छा प्रयोग गर्न सकिने भएकाले यसको महत्व बढेको उनी बताउँछन् । अधिकांशले प्रयोग गर्ने गम्छा प्रायः भारतबाटै आयात हुने गरेको छ । तर, धिमाल , मेचे जातिले गम्छासहित आफ्नो जातीय पोशाक आफै बनाउने गरेका छन् । आबश्यकीय र लोकप्रिय गम्छा स्वदेशमै उत्पादन गर्न राजवंशी जातिले पनि तालिमहरु संचालन गर्दै आएका छन् ।




# पराजुलीको फेसबुक आइडी दुरुपयोग गरी ठगी प्रयास

झापा(प्रस) । भद्रपुरका युवा ब्यवसायी आदित्य पराजुलीको फेसबुक आइडी दुरुपयोग गरी ठगी गर्न खोज्नेमाथि उजुरी दिइएको छ । व्यवसायी पराजुलीको फेसबुक आइडीबाट उनका साथीभाइ , आफन्तहरुसंग रकम ठग्न लागिएको थियो । न्यूजिल्याण्डमा रहेका एकजना आफन्तसंग सय डलर ठग्न लाग्दा आफूले थाहा पाएर हतारहतार पैसा हाल्न रोकेको उनले बताए । त्यस्तै भद्रपुर झापा गोल्डकपका अध्यक्ष दिपेश ढकाल , माओवादी केन्द्रका भुपाल सापकोटालगायत धेरैजनासंग रकम ठग्ने प्रयास गरिएको थियो । जिल्ला प्रहरी कार्यालय झापामार्फत साइबर ब्युरोमा आइतवार उजुरी दिइएको उनले जानकारी दिएका छन् ।

## शैक्षिक...

का, सरस्वती माध्यमिक विद्यालयका सुशिला सुब्बा र सुधिरकुमार पासवान रहेका छन् ।
सरस्वती च्यारिबुक माध्यमिक विद्यालयकै शिक्षक राजकुमार लिम्बू, रबिकला माध्यमिक विद्यालयका काशीनाथ मण्डल, सिँवा माध्यमिक विद्यालयका निर्मला तामाङ, भीमा नेपाल र सोही विद्यालयका कर्मचारी (कार्यालय सहयोगी) बुद्धिमान श्रेष्ठ सम्मानित भएका छन् । त्यस्तै गाउँपालिकाले उत्कृष्ट नतिजा ल्याउन सफल विद्यार्थीलाई नगदसहित सम्मान गरेको गाउँपालिका उपाध्यक्ष रविन साम्रा (विकास) ले जानकारी दिए ।

उपाध्यक्ष साम्रा लिम्बूका अनुसार माध्यमिक शिक्षा परीक्षा (एसईई) २०७९ मा सुनदेवी माध्यमिक विद्यालयबाट सहभागी भई उत्कृष्ट नतिजा ल्याउने अर्चना राई र विश्व माबोहाङ लिम्बूलाई सम्मान गरिएको छ। त्यस्तै २०८० को एसईईमा पार्वती माध्यमिक विद्यालयबाट सहभागी भई उत्कृष्ट नतिजा प्राप्त गर्ने अर्जुन लिम्बू र सिँवा माध्यमिक विद्यालयबाट सहभागी भई उत्कृष्ट नतिजा ल्याउने बिना लिम्बू, कोपिला तामाङ तथा निस्मा शेर्पालाई सम्मान गरिएको छ। सम्मानित विद्यार्थीलाई समान १० हजार रुपियाँका दरले नगद प्रदान गरिएको छ।

यसैगरी कक्षा १२ मा उत्कृष्ट नतिजा ल्याउने सिँवा माविका प्रवीन तामाङ र सरस्वती च्यारि बुक माविकी रन्जिता लिम्बूलाई सम्मानसहित १२ हजार रुपियाँका दरले नगद प्रदान गरिएको छ। आधारभूत तहअन्तर्गत कक्षा ८ को वार्षिक परीक्षामा सर्वोत्कृष्ट अङ्क ल्याउने सरस्वती माविका नामसिंह ताप्मादेन र सुनदेवी माविकी सुजता लिम्बूलाई समान आठ हजार रुपियाँ नगदसहित सम्मान गरिएको छ। यसरी विद्यालय, शिक्षक, कर्मचारी र विद्यार्थीलाई हौसला प्रदान गर्न गरिएको सम्मानले पालिकाको शैक्षिक गुणस्तर सुधार गर्नमा थप बल पुग्ने विश्वास राखिएको गाउँपालिका अध्यक्ष लिम्बूको भनाइ छ।
सुब्बा र सुधिरकुमार पासवान रहेका छन् ।
सरस्वती च्यारिबुक माध्यमिक विद्यालयकै शिक्षक राजकुमार लिम्बू, रबिकला माध्यमिक विद्यालयका काशीनाथ मण्डल, सिँवा माध्यमिक विद्यालयका निर्मला तामाङ, भीमा नेपाल र सोही विद्यालयका कर्मचारी (कार्यालय सहयोगी) बुद्धिमान श्रेष्ठ सम्मानित भएका छन् । त्यस्तै गाउँपालिकाले उत्कृष्ट नतिजा ल्याउन सफल विद्यार्थीलाई नगदसहित सम्मान गरेको गाउँपालिका उपाध्यक्ष रविन साम्रा (विकास) ले जानकारी दिए ।

उपाध्यक्ष साम्रा लिम्बूका अनुसार माध्यमिक शिक्षा परीक्षा (एसईई) २०७९ मा सुनदेवी माध्यमिक विद्यालयबाट सहभागी भई उत्कृष्ट नतिजा ल्याउने अर्चना राई र विश्व माबोहाङ लिम्बूलाई सम्मान गरिएको छ। त्यस्तै २०८० को एसईईमा पार्वती माध्यमिक विद्यालयबाट सहभागी भई उत्कृष्ट नतिजा प्राप्त गर्ने अर्जुन लिम्बू र सिँवा माध्यमिक विद्यालयबाट सहभागी भई उत्कृष्ट नतिजा ल्याउने बिना लिम्बू, कोपिला तामाङ तथा निस्मा शेर्पालाई सम्मान गरिएको छ। सम्मानित विद्यार्थीलाई समान १० हजार रुपियाँका दरले नगद प्रदान गरिएको छ।

यसैगरी कक्षा १२ मा उत्कृष्ट नतिजा ल्याउने सिँवा माविका प्रवीन तामाङ र सरस्वती च्यारिबुक माविकी रन्जिता लिम्बूलाई सम्मानसहित १२ हजार रुपियाँका दरले नगद प्रदान गरिएको छ। आधारभूत तहअन्तर्गत कक्षा ८ को वार्षिक परीक्षामा सर्वोत्कृष्ट अङ्क ल्याउने सरस्वती माविका नामसिंह ताप्मादेन र सुनदेवी माविकी सुजता लिम्बूलाई समान आठ हजार रुपियाँ नगदसहित सम्मान गरिएको छ। यसरी विद्यालय, शिक्षक, कर्मचारी र विद्यार्थीलाई हौसला प्रदान गर्न गरिएको सम्मानले पालिकाको शैक्षिक गुणस्तर सुधार गर्नमा थप बल पुग्ने विश्वास राखिएको गाउँपालिका अध्यक्ष लिम्बूको भनाइ छ।







नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

# प्रतिदिन अभिव्यक्ति

कविता

## सहर

• सन्तोश शर्मा



टलक्कै टल्केको ऐना जस्तो
जतातत‌ै उज्यालै उज्यालो
सहरको कोलाहलभित्र
एक झोलामा सपना
अर्को झोलामा जोश बोकेर
छोरो सहर पसेको छ।
सहर पसेको दिन
छोराले मान्छे हरूको भाग्य सोच्यो
सहरका मान्छेहरूलाई एउटा भाग्यवादी फेता लगाइदियो
आफूलाई तल धेरै तल उभ्यायो
धमिलो पानी थिग्रिएर गिलासको पिँधमा जमेको जस्तो,
थिचिएको आभास गर्यो
मान्छे मान्छे बीच यति धेरै
भिन्नता उसले देख्नै पाएको थिएन
दिनहरू बित्दै जाँदा सहरमा
काम पायो, दाम पायो
नयाँ लुगा फाटो अब टलक्कै टल्क्यो ऊ पनि सहर जस्तै
र आफूलाई पनि उत्रिएको महसुस गर्‍यो गिलासको पिँधबाट
अथवा ऊ अब गाउँले रहेन।
सहरमा छोरोले
बा देखेन, आमा देखेन
नाता देखेन, साथी देखेन
सहरमा देख्यो केबल रहरहरू
महलहरू
एक्ला एक्लै उभिएका अग्ला महलहरू
हो तेस्तै देख्यो एक्ला एक्लै बाँचेका मान्छेहरू।
सहर त भोकै देख्यो
सहर त नाङ्गै देख्यो
भाग दौडहरू देख्यो
सहरमा
फेसनले लाजै मर्दो सहर
आफूलाई कहाँ देख्यो कहाँ भेट्यो
थाहा छैन
निरन्तर सहरलाई रहर र सपना मानी रह्यो।
घुल्दा घुल्दै पानीमा नून जस्तो
दिनको जून जस्तो
ऊ बेखबर बेहिसाब
सहरभित्र पस्दै गयो
ऊसँग टाँसिएको गाउँ
बिस्तारै बिस्तारै टक्टिकदै गयो
अब उसले सोच्यो
ऊ पनि सहरिया भयो।
सहर पस्नु र सहरको खरानी घस्नु
एकदम फरक हो
उस्ले बुझ्नेन होला
सबै खरानी एकै चोटि घस्यो
च्यातिएको पाइन्ट लगायो
नाक छेडेर फूली लगायो
सहरभित्र पसेको भोलिपल्टै
उसले हातमा सिगरेट समायो
आधा रातमा रक्सीले मात्तिएर सडकमा रात कटायो
बैशको एक तारे बाजामा
मज्जाले नाच्यो
मच्चियो र थाक्यो
उसले सहरलाई आफ्नै हातले छाम्यो
कति तातो काखहरूमा निदायो
कति चिसो रातहरूमा निदायो
सहर सोचे जस्तो भेट्यो
सहर नसोचे जस्तो भेट्यो
कसैलाई बताएन।
सम्झिएन बाको खुर्पेटो
सम्झिएन मुखियाको तम्सुक
सहर छिरेदेखि सुम्पेको घरको
छानोमा कुर माकुर गरिरहेछन्
मुखियाका परेवाहरू।
आमालाई परेवा धपाउन
ब्याजले थिचेको छ।
बेखबर छ छोरो
अचेल बा आमा, छोरो भन्दा
मुखिया सम्झिरहन्छन्
झस्किरहन्छन्।

# मित्रता गुमाउँदाको पीडा !



• अनिता प्रकृति



बिस्तराबाट ओर्लिन नपाउँदै मोबाइल हातमा लिए।आमाको मिसकलले स्क्रिन भरिएको रहेछ।
हिजोको लामो यात्राको थकाइले म गहिरो निद्रामा परेछु।
शरीर र मन नै थकित भएको थियो। एउटा सपनाले दौडिएको मेरो यात्रा मन खिन्न बनाएर फर्किएको थिएँ।
मनभरि छताछुल्ल भएका वेदनाहरू गाँठो पारेर निस्किएको थिएँ। आँखाको डिलमा आएर अडिएका आँसुका ढिक्काहरूलाई भित्रभित्रै दबाएर बसेकी थिएँ।
हामी हरेक तवरले सक्षम छौँ। धेरै काम एक्लै गर्न सक्छौँ। तर सही मार्ग निर्देशन गर्ने सही व्यक्ति वा साथी चाहिन्छ। बालापनमा गुच्चा खेल्ने साथी सम्झिएँ। अलि ठुलो हुँदै गर्दा लुकीडुम खेल्ने साथी सम्झिएँ।
आखिर हाम्रो साथमा सानैदेखि कोही न कोही थियो। आमाको पाठेघरमा हुँदादेखि नै हामी साथीसँग जोडिएको हुन्छौँ। उमेर बढेसँगै फरक फरक परिस्थितिअनुसार साथी नि बदलिँदै जाने रहेछन्।
मेरो एउटा साथी थियो जो साँच्चै नै साथी थियो। म सधैँ सम्झिन्छु। म एक्लै हुँदा सम्झिन्छु। खुसी हुँदा सम्झिन्छु। अप्ठ्यारो परिस्थितिमा सम्झिन्छु। अनि सम्झिन्छु मेरा मनमा उकुसमुकुस कुराहरूले आन्दोलन गर्दा। बालापनमा सँगै हुर्किएनौँ। सँगै खेलेनौँ। जुठो खाएनौँ। तर जब एउटा उमेर थियो, सही गलत छुट्टाउन नसक्ने अवस्थामा ऊ निर्णय गर्न सल्लाह दिन्थ्यो।
मेरो छियाछिया मनलाई मलम पट्टी गर्न गाली दिन्थ्यो। म हारेको बेला हौसला दिन्थ्यो। म रोएको बेला रुवाई सुनिदिन्थ्यो। एक्लै भएको बेला टाढा रहेर भए नि म छुको आभास दिन्थ्यो।
जीवनमा धेरै कुरा गुमाएपछि एउटा साथी पाएको महसुस राम्रोसँग हुन नपाउँदै म एक्लिएँ। ६/७ वर्षपछि बल्ल असल मित्रताको परिभाषा बुझाउँदै थियो। म हुनुको महत्व दर्साउँदै थियो।
अचानक आकाशमा वेग चले जसरी मेरो साथी हरायो। मेरो मित्रता हरायो। यो पीडादायी समयमा मलाई रुन आएन। उसलाई आँसु देखाउन सकिनँ। किनकि म हारेर बस्दै गर्दा उसले उठ्न सिकाएको थियो। पाइलाहरू रोकिँदै गर्दा फेरि बामे सर्न हिम्मत दिएको थियो।
म उसका हरेक शब्दहरूमा आफूलाई आँट बटुल्थेँ। ती कहाली लाग्दा रातहरूमा मलाई सम्झाएर बाँच्न सिकाएको थियो। जन्मनुको अर्थ बुझाएको थियो। अनि हामी जीवित प्राणीको जीवन बारे चर्चा गरेको थियो।
हामी नुनको महत्व बुझ्दैनौँ जब तरकारीमा नुन लागेको हुन्छ। आज नुन लागेछ भनेर भन्दैनौँ तर जुन दिन तरकारीमा नुन लाग्दैन त्यो दिन नुन लागेनछ भन्छौँ। त्यस्तै जबसम्म साथी थियो, ऊ भएको मलाई चाल नै थिएन।
जुन दिनदेखि ऊ हरायो अनि थाहा पाएँ कि मबाट केही छुट्यो।
आजकल पनि प्रत्येक बिहानी आँखा मिच्दै उसको नम्बर डायल गर्छु। अपसोच! म बिर्सिन्छु कि म ऊबाट ब्लक लिस्टमा छु भनेर।
गुनासो नि हैन। मन दुखेको नि छैन। उसले मेरा पखेटाहरू सक्षम नहुँदासम्म मलाई असल मार्ग निर्देशन गर्‍यो। धेरै कुराहरू सहेर अघि बढ्न सक्ने बनायो। आज म उड्न सक्ने भएँ र त खुला आकाशमा छोडिदियो।
हाँस्नु पर्छ, हाँसिरहेको छु। जहाँ भविष्य गुमाउँदा त्यति पीडा थिएन। अहिले मित्रता गुमाउँदाको पीडा त्यति छ।

कपभरि चिनी बिनाको कालो कफीले पनि साथीको अभाव पूरा गर्न सकेन। उसको अन्तिम मेरो लागि दिएको हौसला थियो, ‘हातमा सधैँ घडी लगाउनू अनि समयसँगै जिन्दगी अघि बढाउनू।’
मैले त्यो काठमाडौँको भीडमा उसले हेरी दिएको एउटा घडी किनेको थिएँ। छोटो भेटमा धेरै रहरहरू पूरा गरी दिएको थियो। साथीसँग भेट्न एयरपोर्टसम्म पुर्‍याइदिएको थियो। बत्ती बाल्न पशुपतिसम्म साथ दिएको थियो। अनि अर्को मेरो अन्तिम इच्छा मान्छेहरूको भिडमा सँगै एक-एक कप चिया पिउन साथ दिएको थियो।
सोचिन्छ, साथी स्वार्थी हुन्छन्। मलाई साथी भनेका भगवान् हुन् लाग्दै गर्दा उसले भ्रम फैलाइदिएको थियो। अनि सम्झिएँ। हामी सबै भ्रमित छौँ। हामी आआफ्नो स्वार्थ पूरा भएपछि सबैसँग अलग हुन्छौँ।
बिहानीमा पूरा हुन नसकेका सपनाहरू सँगालेर राख्दै उही बेलुकीलाई गुहार माग्दै म जबरजस्ती निदाउँछु। एउटा साथी गुमाउँदाको पीडा आँसुसँगै पिएर।

# सरकारी जागिरे भएर पनि केटी पाइएन !



• रूपक दाहाल

म सानै हुँदा घरमा कुरा गर्नु हुन्थ्यो, पल्लाघरे कान्छाले त अधिकृत केटीसँग बिहा गरेछ, कति गज्जबको जोडी कान्छो पनि अधिकृत कान्छी बुहारी पनि अधिकृत त्यो घरमा खुसी नै खुसी त्यस्तो भए पो रमाइलो हुन्थ्यो।
मलाई लाग्थ्यो घरमा खुसी भित्र्याउनु छ भने कि आफू सरकारी जागिरे हुनुपर्यो कि केटी सरकारी जागिरे हुनुपर्यो।
क्रमशः म ठूलो हुँदै गएँ। ठूलो हुँदै जाँदा मेरो पढाइले पनि फड्को मार्दै गयो। मैले प्लस टु व्यवस्थापन संकाय लिएर उत्तीर्ण गरेँ अनि दमक बहुमुखी क्याम्पसमा पुनः बि.बि.ए विषय लिएर पढ्न सुरू गरेँ।
सुरूका दिनहरू रमाइलोसँगै बित्दै गए। बिस्तारै पहिलो सेमेस्टर सकेर दोस्रो, दोस्रो हुँदै तेस्रोमा पुगेँ। आफू जति ठूलो हुँदै थिएँ, सपनाहरू पनि बढ्दै गए अनि मेरा मनका भावना पनि सँगैसँगै बढ्दै गए।
मेरा उमेरका प्रायः सबै साथीहरू प्रेम सम्बन्धमा थिए। कोही प्रेमी नभएको केवल म मात्र थिएँ।
सबै साथीहरू छुट्टीमा डेटिङ जाने कार्यक्रम बनाउँथे अनि म उनीहरूको बडिगार्ड बनेर जानुपर्थ्यो। धेरै पटक त मेरो मिल्ने साथी केशवको डेटिङमा साथी बनेर गएको थिएँ।
ऊ मेरो छिमेकी साथी थियो। धेरै कुराहरू ऊसँग मात्र सेयर गर्ने क्षमता राख्थेँ। उसले मन पराउने प्रेमिका हाम्रै कलेजमा पढ्ने जुनियर थिई। राम्री थिई केशवसँग उसको जोडी खुब मिल्थ्यो।

सुरूका दिनहरूमा केशवले मेरो कल जतिबेला नै पनि उठाउने गर्थ्यो तर केही समय यता उसले मेरो कल उठाउन समेत भ्याउन छाड्यो।
म भने ऊसँग रिसाउने गर्थेँ।
‘केटी पाएसी आफ्नै साथीलाई बिर्सिने कस्तो होस यार?’
उसले जबाफ दिन्थ्यो, ‘तँ पनि सक्छस् भने गलफ्रेन्ड बनाएर देखा।’
यो सिलसिला निकै समयसम्म चल्यो।
मलाई उसले त्यसरी जिस्क्याएको पटक्कै मन पर्दैन थियो। मलाई पनि झोंक चल्यो। मैले पनि रहर गरे अनि हिम्मत पनि ।तर, रहर र हिम्मतले मात्र नहुने रैछ। मलाई त चाहिएको थियो संस्कारी अधिकृत हुने केटी तर समय त विदेशी केटा हेर्नेमा पुगिसकेको थियो।
मेरो रहर रहरमा मात्र सीमित भयो घरमा भन्नु हुन्थ्यो, ’पढ्नुञ्जेल चाहिँ दायाँबायाँ आँखा नलगाएस्। पढेसी केटीको लाइन लाग्छ।’
यति हौसला मात्र थियो मसँग। यही हौसला बोकेर साथीहरूको डेटिङमा फोटोग्राफर बनेरै ब्याचलर सकियो। ब्याचलर (घाठण) जि.पि.एसहित सकियो। त्यो निकै राम्रो नम्बर थियो।
केशवले पनि पास गर्यो तर उसले मेरो जति जि.पि.ए ल्याएन। उसले लोक सेवा तयारी गर्न खोजेन तत्काल क्यानडा गयो। तर मेरो सपना त अधिकृत हुने थियो मैले लोक सेवा तयारी गरेँ। पहिलोपटकमा नाम निस्केन। फेरि प्रयास गरेँ अनि दोस्रो पटकमा नाम निस्कियो।
नाम निस्किएसँगै घरमा बिहेको कुरा चल्यो।
‘यत्रो ठूलो भइस् केटी त आफै खोज्या होलास् नि? अब घरजम गर्ने जमर्को गर,’ आमाले कराउनु भयो।
पहिला चाहिँ राम्रोसँग पढ भन्ने अनि अहिले चाहिँ खोज्या होलास् भन्दा मलाई रिस उठ्यो।
‘कहाँ खोज्नु पढाइ बिग्रेला भन्ने डर थियो केटी हेर्या छैन मैले,’ मैले ठूलो स्वरमा भनेँ।
उता कुनामा बा मुसुमुसु मुस्कुराउँदै हुनुहुन्थ्यो। मेरा लागि बाले केटी हेरिसक्नु भएको रहेछ। अधिकारी पण्डितकी छोरी अधिकारी पण्डितको नाम निकै चल्तीमा थियो त्यहाँ माथि उसकी एक्ली छोरी रहिछ।
‘ऊ बेलामा केटी हेर्या भए यति दुःख हुने थिएन,’ आमा बर्बराइरहनु भएको थियो।
भोलिपल्ट बिहानै बा, म अनि काका पण्डित बाको घरतिर लाग्यौं। उनको घर झापाको चारआलीमा पर्थ्यो। झापा, मोरङ, सुनसर ीसम्म उनको निकै चर्चा सुनिन्थ्यो।हामी पण्डित बाको घरमा पुग्यौं र नमस्कार गर्यौं।
उताबाट पनि नमस्कार आयो।
बा र काकाले कुरा सुरू गर्नुभयो। आँगनीमा बसेर कुरा हुन थाल्यो।
मलाई केटी हेर्न हतार भैसकेको थियो। केटीले चिया लिएर बाहिर आइन्। ४ जनाकै हातमा चिया दिइन्। त्यसपछि बाहरूको निधो भयो। पण्डित बाले पनि नाइँ भन्न सकेनन्।
‘अब हुर्केकी छोरी हो। यही वर्ष ब्याचलर पनि सकेकी छ। छोरीको जात नै अर्काको घर जाने हो अब केटो अधिकृत भएपछि हामीलाई कुनै डर भएन।’
बाले इसारा गर्दै सोध्नुभयो, ‘केटी मन पर्यो?’
मैले लजालु पाराले भनेँ, ‘उम् बा मलाई मन्जुर छ।’
बाले हाँस्दै पण्डित बालाई भन्नुभयो, ‘केटो त खुसी छ। बरू तपाईंकी छोरीको विचार सुन्न पाए हुन्थ्यो।’
पण्डित बाले छोरीलाई सोध्नु भयो।
केटीले एक्लैमा कुरा गर्ने इच्छा जाहेर गरेकी रहिछ।
बाहरू गफ गर्न थाल्नु भयो। खुसीको माहोल थियो। म पनि खुसी नै थिएँ अधिकृत भएको थिएँ, राम्रो जि.पि.ए आएकै थियो केही डर थिएन। तर कसैलाई अत्तोपत्तो थिएन खुसीले ठूलो हावाहुन्डरी ल्याउँदै थियो।
हामी घरको छतमा गयौं। कुरा सुरूमा उसैले सुरू गरिन्, ‘अधिकृत हुनुहुँदो रहेछ हेर्दा राम्रो नि हुनुन्छ कति जनासँग चक्कर चलेको थियो नि?’
उनको यस्तो प्रश्नले मन सिरिंग भएर आयो, ‘हाहा! राम्रो हुँदैमा कहाँ सबैको लभ पर्छ, आजसम्म एउटा पनि छैन अनि तपाईंको नि?’
‘मेरो पनि छैन तर मलाई यो बिहे गर्नु छैन’
उसको उत्तरले म अक्कवक्क भएँ।
‘मलाई नेपाल बस्ने केटासँग बिहे गर्नु छैन।’
उसको उत्तर छोटो थियो अनि स्पष्ट पनि।
‘तपाईं बिहेपछि क्यानडा जाने भए मात्र बिहे गर्छु नभए तपाईं जान सक्नु हुन्छ।’ उसको उत्तरले म रन्थनिएँ।
केही बोल्न सकिनँ। म खुरूखुरू तल झरेँ। बालाई सबै कुरा भने ऊ पनि तल आएर बिहा गर्दिनँ भनेर माथि चढी।
खुसीले भरिएको मुहारमा एकाएक बादल लाग्यो। हामी निरास अनुहार लिएर घर फर्कियौं।

बाटोमा सोचेँ यत्रो पढाइ गरेँ, अधिकृत पनि भएँ तर पनि बिहे गर्न एन.आर.एन हुनुपर्ने, कस्तो जमाना हो यो? नेपालमा बस्ने चाहिँ बिहे नगरी बस्नु पर्ने? कस्तो चलन आयो। यति सोचेर म सधैंको जस्तै आफ्नो काममा जान थालेँ।

# भद्रपुरमा घरबाटै सिटी सफारी चोरियो



झापा(प्रस) । भद्रपुर-१० लेखनाथ चोकमा घरबाटै सिटी सफारी चोरी भएको छ । शनिवार राति लेखनाथ चोक निवासी रमेश चम्लागाईको घरको कम्पाउन्डबाट चार्जमा राखिएको प्र १-०१-०२ ह ३२२४ नम्बरको निलो नयाँ सिटी सफारी चोरी भएको हो । चार्जको तार काटेर चोरी गरेको पीडितले जनाएका छन् । झापामा यसअघि पनि अटो र सिटी सफारी चोरी भएको छ । जिल्लामा साना सवारीसाधन मोटरसाइकल मात्र हराउने गरेका छैनन्, ठूला ट्र्याक्टरसमेत चोरी भएको घटना छ ।

जिल्ला प्रहरी कार्यालय झापाको तथ्यांक अनुसार चालु आर्थिक वर्षको साउन १ देखि जेठ १३ सम्म जिल्लामा जम्मा २२ वटा सवारीसाधन चोरी भएका छन् । जसमध्ये मोटरसाइकल १८ , ट्र्याक्टर, अटो ,सिटी सफारी र स्कुटर एक-एक वटा रहेका छन् । चोरीमा संलग्न २६ जनालाई पक्राउ गरी कार्वाही गरिएको झापा प्रहरीका प्रवक्ता डीएसपी कृष्णकुमार चन्दले बताए ।गत चैत १९ गते गौरीगञ्जमा ट्र्याक्टर चोरी भएको हो ।गौरीगञ्ज गाउँपालिका-१ मा स्थानीय होम थपलियाले आफ्नै घर अगाडी पार्किङ गरी राखेको मे १ त ७७६५ नम्बरको ट्र्याक्टर चोरी भएको थियो ।

चोरी भएको ट्र्याक्टर खोजतलासमा खटिएको प्रहरी चौकी कुञ्जीवारीको टोलीले गौरादह नगरपालिका-९ का ३५ वर्षीय सुनिल टुडूले भारततर्फ लाँदै गरेको अवस्थामा नियन्त्रणमा लिएको डीएसपी चन्दले जानकारी दिए ।

# अधिकांश जलविद्युत आयोजनाको उत्पादन रोकियो

झापा(प्रस) । शुक्रबादेखि सुरु भएको वर्षाका कारण आएको बाढीले देशभरका अधिकांश जलविद्युत आयोजनाको उत्पादन ठप्प भएको छ । नेपाल विद्युत प्राधिकरणले दिएको जानकारीअनुसार देशभर साढे ६०० मेगावाट क्षमताका आयोजनाको उत्पादन ठप्प भएको हो ।



४५६ मेगावाट क्षमताको माथिल्लो तामाकोसी जलविद्युत आयोजनाको उत्पादन पनि ठप्प भएको छ । यो देशको सबैभन्दा ठूलो क्षमताको आयोजना हो । योसहित नेपाल विद्युत प्राधिकरण र सहायक कम्पनीको कूल ५२६ मेगावाट क्षमताको उत्पादन रोकिएको हो । यसबाहेक निजी क्षेत्रका उत्पादकहरुले उत्पादन गरेको बिजुलीको उत्पादन समेत रोकिएको छ । बलेफी, मोदी, मध्य मोदीलगायतका आयोजनाको उत्पादन रोकिएको छ । यस्तै लिखु, मध्य तमोर, सोलु दुधकोसी, सोलु दुधकोसीलगायतका आयोजनाको उत्पादन समेत रोकिएको बताइएको छ ।

यसबाहेक देवीघाट र चमेलिया आयोजनाको उत्पादन समेत रोकिएको प्राधिकरणले जनाएको छ ।

# धनकुटामा तीन घर जलेर नष्ट

झापा(प्रस) । धनकुटाको महालक्ष्मीमा शुक्रवार राति भएको आगलागीमा परि ३ घर जलेर नष्ट भएको छ । महालक्ष्मी नगरपालिका वडा नं. ५ स्थित रामबजारमा बिहान १ बजेतिर आगलागी सुरु भएको थियो ।स्थानीय मोहन भण्डारीको दुई तले घरबाट सुरु भएको आगो छिमेकीहरू तेजबहादुर भुजेल र बद्री बर्देवाको घरमा समेत फैलिएको थियो । आगलागीबाट भएको क्षतिको यकिन विवरण आउन बाँकी रहेको छ। घटनाको कारण भने अझै खुल्न सकेको छैन । घटनाको थप अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक राजबाबु महर्जनले जानकारी दिए ।

# प्रकृतिलाई स्वाभाविक अवस्थामा आउन दिनु पर्छ



• द्रोण अधिकारी गुयेली

प्रकृतिको स्वाभाविक स्वरूपमा हरेक वर्ष परिवर्तनका संकेतहरू भित्रिन थालिसकेको अवस्था छ । यो जलवायु परिवर्तनको असरका रूपमा देखिन थालेको प्रकृतिको वितण्ड स्वरूप हो । जाडो वा गर्मीको समयमा विगतभन्दा भिन्न रूपमा प्रकृतिले आफूलाई प्रस्तुत गरिरहँदा विपतको रूप देखिन थालेको अवस्था छ । खासगरी प्रकृतिलाई मानिसले नियन्त्रण गर्ने प्रयास थालेकै कारण विपत नयाँ-नयाँ स्वरूपमा आउने गरेको छ । सत्य कुरा के हो भने प्रकृतिमाथि मानिसको नियन्त्रण संभव छैन तर पनि, मानिस विकास वा उन्नतिका नाममा प्रकृतिमाथि अतिक्रमण बढाइरहेको छ । प्रकृतिलाई मानिसले नियन्त्रण गर्न नसके पनि सही रूपमा उपयोग गर्न भने सक्छ । प्रकृति मानवका लागि सुखमय जीवन पनि हो । तर, मान्छे आफ्नो जीवनका रूपमा रहेको प्रकृतिमाथि अतिक्रमण गरेर विजय हासिलको दौडमा लाग्दा प्रकृतिले प्रकोपको स्वरूप धारण गर्ने गरेको छ । प्राकृतिक प्रकोप भन्नाले बाढी, पहिरो, वर्षा, खडेरी, हिमपात, हुरीबतास जस्ता कुराहरू पर्दछन् । प्राकृतिक प्रकोप मानिसहरूको बसमा हुँदैन तर मानिसले चाहेमा यसको न्यूनीकरण गर्न सक्दछ । धनजनको क्षतिबाट जोगाउन सक्दछ । प्राकृतिक प्रकोपको ख्याल नगर्ने हो भने यसले धनजनको विनास गरी मानव जीवनलाई तहसनहस बनाउन सक्छ ।

अहिले वर्षात् ऋतु चलिरहेको छ । मौसम सकृय भएको केही दिनमै कोशी प्रदेशका अधिकांश जिल्लामा बाढी कटान, पहिरो, डुबानलगायतका विपतका पूर्वसंकेतहरूको सामना गरिरहनु परेको अवस्था छ । यही संकेतलाई मात्र आधार मानेर भन्ने हो भने प्रकृतिभन्दा मानिस कहिल्यै शक्तिशाली बन्न सक्दैन । यस सत्यलाई मानिसले भुल्दै गएका कारण प्रकृतिविपरित कर्म अगाडि बढाइरहेको छ । परिणाम प्रकोपको सामना मानिसले नै गरिरहनु परेको छ । प्राकृतिक प्रकोप भन्नाले बाढी, पहिरो, अधिक वर्षा, खडेरी, हिमपात, हुरीबतास जस्ता कुराहरू पर्दछन् । प्राकृतिक प्रकोप मानिसहरूको बशमा हुँदैन ।तर, मानिसले चाहेमा यसको न्यूनीकरण गर्न भने सक्दछ । धनजनको क्षतिबाट जोगिन सक्दछ । प्राकृतिक प्रकोपको ख्याल नगर्ने हो भने यसले धनजनको विनास गरी मानव जीवनलाई तहसनहस बनाउँदछ । नेपालको सन्दर्भमा प्राकृतिक प्रकोपमा सबैभन्दा बढी जनमानसलाई दुःख दिने वर्षात्का कारण उत्पन्न बाढीपहिरो प्रमुख रूपमा रहेको छ । हरेक वर्ष वर्षा लागेपछि बाढीपहिरोका कारण धेरै धनजनको क्षति भएको हामी सुन्दै, भोग्दै आइरहेका छौं । यस्तो बाढीपहिरोलाई न्यूनीकरण गर्न बाढी आउने ठाउँमा रोकथामका लागि वृक्षरोपण गरिनु पर्छ । खोलाका किनारामा अनियन्त्रित कटान रोक्न तटबन्ध बाँध्नु पर्छ । वन जंगलको संरक्षण गर्नुपर्दछ । खोला किनाराबाट अत्यधिक बालुवा, गिटी निकाल्नु हुँदैन ।

हरेक वर्ष जाडोयाममा धेरै वा थोरै जाडोको अनुभव हुनु प्रकृतिले आफ्नो रूप बदल्ने संकेत गर्नु हो भने गर्मीयाममा तापमान बढेर सहन नसक्ने अवस्था आउनु विपतउन्मूख प्रकृतिको स्वरूप देखिनु हो । त्यस्तै वर्षात्मा पानी कम पर्नु अथवा ढिलो, छिटो पानी वर्षने अवस्थाले पनि विपतको संकेत गरिरहेको हुन्छ । नेपालको सन्दर्भमा प्राकृतिक प्रकोपमा सबैभन्दा बढी जनमानसलाई दुःख दिने बाढीपहिरो प्रमुख रूपमा रहेको छ । त्यसपछि खडेरीका कारण हुने आगलागीले धेरै मानिसको धनजनको क्षति गर्ने गरेको छ । हरेक वर्ष हिउँद सकिनेबित्तिकै खडेरी लम्बिने र आगलागीका घटना हुने गरेको पाइन्छ भने वर्षा लागेपछि बाढीपहिरोका कारण धेरै धनजनको क्षति भएको हामी सुन्दै/देख्दै आइरहेका छौं । बाढीपहिरोलाई न्यूनीकरण गर्न बाढी आउने मुख्यमुख्य ठाउँमा वृक्षरोपण गर्नु पर्दछ । खोलाका किनारामा तटबन्ध बाँध्नुपर्दछ । वन जंगलको संरक्षण गर्नु पर्दछ । खोला किनाराबाट अत्यधिक बालुवा, गिटी निकाल्नुहुँदैन । पहिरो जाने ठाउँमा पानीको निकास छोड्नु हुँदैन । पहिरो जाने क्षेत्रमा वर्षाको समयमा खेतीपाती पनि गर्नुहुँदैन । खेतीपातीले गर्दा माटो कमलो भई पहिरो जाने झन् बढी सम्भावना रहन्छ । यस्ता आधारभूत ज्ञान हामीले ग्रहण नगर्दा हरेक वर्ष सयौंले ज्यान गुमाउने हजारौंले घरबास छोड्नु पर्ने, हजारौं रोपनी खेतीयोग्य जमीन सधैंका लागि गुमाउनु पर्ने विषम परिस्थिति भोगिरहेको अवस्था छ । त्यस्तै आगलागी रोक्न पानीका मुहान सुरक्षित राख्ने, खडेरीको समयमा प्रज्वलनशील पदार्थलाई सुरक्षित स्थानमा राख्ने गर्नु पर्दछ । हरियाली वातावरण संरक्षित हुने कार्य निरन्तर अगाडि बढाउने हो भने आगलागी न्यूनीकरण हुन सक्छ । खडेरी पर्ने प्रमुख कारण वनजंगल विनास भएको सत्यलाई स्वीकार गरेर वनजंगलको सुरक्षामा ध्यान दिएर हरित वातावरण बनाउन सक्ने हो भने खडेरीको समस्या भोग्नु पर्दैन । यस्तो विपतजन्य अवस्था कम गर्न राज्यले पनि उचित योजना, नीति नियम निर्माण गर्न सकेको अवस्था छैन । अत्यधिक जनसंख्या वृद्धि, वातावरणीय सन्तुलनको अभावमा नेपालमा हरेक वर्ष अधिक वर्षा तथा खडेरी पर्ने क्रम बढ्न थालेको छ । यस विषयमा हामी नेपालीले सजग र सचेत भएर सोच्न जरुरी भइसकेको छ । त्यस्तै वातावरणीय सन्तुलनको अभावमा जथाभावी हिमपात हुने र अनावश्यक हुरीबतास आउने क्रम पनि बढ्दो छ । यस्ता प्राकृतिक प्रकोपबाट बच्न, आउने सम्भावित खतराबाट बचाउन, सुरक्षित बसाइको व्यवस्था गर्न जरूरी छ । यदि बसाइ सुरक्षित भएन भने मानवको जीवन र धनको क्षति हुन सक्छ भन्ने तथ्यलाई भुल्नु हुँदैन । यस वर्षको खडेरी निकै लम्बने संकेत देखिदैछ । आउने वर्षादका तीन महिनामा पूर्व मेचीदेखि महाकालीसम्म हजारौं नागरिक बाढी र पहिरोबाट प्रताडित हुने अर्को संकेत यस खडेरीलाई लिनु पर्छ । बेलैमा सचेत हुन सकिएन भने अरबौंका भौतिक संरचना क्षतविच्छेद हुने छन् । विकासका गतिविधिमा समेत अवरोध आउन आउने छ । यस्ता विनासका घटना पहिलो पटक भएका भने होइनन् । तर, हरेक वर्ष यी र यस्ता घटना बढ्नुचाहिँ चिन्ताको विषय हुन सक्छ ।

प्राकृतिक विपत हरेक वर्ष बढ्दो रूपमा रहनुचाँहि चिन्ताको विषय हो । प्रकृति अनुकूल बन्न सक्दा प्रकोप घट्न सक्ने वैज्ञानिक तर्क छ । विकासका नाममा अव्यवस्थित कटान गरेर सडक खन्ने, वन जंगल मास्ने, खोला–नदी दोहन गर्ने कार्यले खडेरी, बाढी पहिरोको स्वरूपमा परिवर्तन भएको सत्यलाई बिर्सनु हुँदैन । हरेक वर्ष बढ्दै गइरहेको प्राकृतिक प्रकोप नियन्त्रण गर्न सबै पक्ष सचेत हुन जरूरी छ । सबैले साझा समस्या मानेर प्रकोप नियन्त्रणका लागि प्रतिबद्ध नभएसम्म प्राकृतिक प्रकोपसित जुध्न सकिदैन । प्रकृति हाम्रो जीवन हो यसलाई हामीले नै संरक्षण गर्नु पर्दछ । कृत्रिम वस्तुका कारण प्राकृतिक स्वरूप बिग्रनु हुँदैन । भौतिक उन्नतिका नाममा विषाक्त रसायनले प्रकृतिको वास्तविक रूप बिगार्ने कार्य नरोकिएसम्म प्राकृतिक विपत्ति घट्ने संभावना पनि देखिदैन । मानिसलाई थाहा छ, उसले गरिरहेको प्रकृति विरोधी कामले आफ्नै अस्तित्व कम्जोर बनिदैछ । विकासका नाममा अव्यवस्थित कटान गरेर सडक खन्ने, वन जंगल मास्ने, खोला–नदी दोहन गर्ने कार्य बाढी पहिरोको स्वरूपमा परिवर्तन भएको सत्यलाई बिर्सनु हुँदैन । हरेक वर्ष बढ्दै गइरहेको प्राकृतिक प्रकोप नियन्त्रण गर्न सवै पक्ष सवै ठाउँबाट सचेत हुन जरूरी छ । भौतिक विकास हामी मानिसले नै गरेका हौं तर त्यस्तो विकास प्रकृति प्रतिकुल गरियो भने सजाय स्वरूप प्राकृतिक प्रकोप भोग्नु पर्ने दिन आउन सक्छ । यो वर्ष विज्ञहरूले कोशी प्रदेशमा मात्र हजारौं नागरिक वर्षात्का कारण विस्थापित हुन सक्ने चेतावनी दिइरहेका छन् । ठूला नदी तथा खोलाहरूको बहाव परिवर्तन भएर बस्ती कटान, डुबानको समस्या आउन सक्ने पूर्वसंकेत विज्ञहरूले दिइरहँदा पनि हामी सचेत हुन सकेनौं भने प्रकोपकै कारण हाम्रो ज्यान जान सक्छ । अर्थात् प्राकृतिक मृत्यु वरणको अवसर कम हुने र भवितव्यजन्य विपतका कारण मर्नु पर्ने दिन आउन सक्छ ।

तर पनि, मानिस विज्ञान र प्रविधिका नाममा प्रकृतिमाथि अतिक्रमण बढाइरहेको छ । त्यसैको प्रतिफल आज हरेक समयमा विपतसित लडिरहनु परेको छ । वर्षका हरेक महिना प्रकृतिका स्वरूपमा देखिने गरेको भिन्नतालाई पहिचान गरेर विपतको सामना गर्न नीतिगत व्यवस्था गरेर राज्य नै लागिपर्ने अवस्था निर्माण हुनु अबको आवश्यकता हो ।

# शैक्षिक गुणस्तर बढाउन सम्मान

झापा(प्रस) । ताप्लेजुङको फक्ताङ्लुङ गाउँपालिकाले शैक्षिक गुणस्तर सुधार गर्नमा हौसला प्रदान गर्न विद्यालय, शिक्षक र विद्यार्थीलाई सम्मान गरेको छ। पालिकाको शैक्षिक सुधार गर्नमा योगदान गर्ने उत्कृष्ट विद्यालय, शिक्षक र बिद्यार्थीलाई गाउँपालिकाले सम्मान गरेको हो।

गाउँपालिका अध्यक्ष राजन लिम्बू (मुक्ति)का अनुसार उत्कृष्ट नतिजा ल्याएका विद्यालय, शिक्षक र विद्यार्थीलाई सम्मान गरिएको हो। शैक्षिक गुणस्तर सुधार गर्न गाउँपालिकाले अवलम्बन गरेको योजनालाई सहयोग पुनेगरी उत्कृष्ट नतिजा ल्याउन सफल विद्यालय, शिक्षक र बिद्यार्थीलाई थप हौसला प्रदान गर्नका लागि सम्मान गरिएको अध्यक्ष लिम्बूले बताए ।

उनका अनुसार विद्यालय प्रशासन, सुशासन तथा शैक्षिक क्षेत्र सुधारका लागि कार्यसम्पादनमा अब्बल देखिएका गाउँपालिकाभित्रका चारवटा सामुदायिक विद्यालयलाई सम्मान गरिएको छ। सम्मानित हुनेमा सिँवा माध्यमिक विद्यालय, सरस्वती माध्यमिक विद्यालय, सुनदेवी माध्यमिक विद्यालय र रानी आधारभूत विद्यालय रहेका छन्। उक्त विद्यालयहरुलाई प्रोत्साहनस्वरुप प्रशंसापत्र र प्रोजेक्टर प्रदान गरिएको गाउँपालिकाले जनाएको छ।

यस्तै विद्यालयमा नियमितता, शिक्षण पेशामा लगनशिलता र अनुशासन प्रदर्शनका आधारमा १० जना शिक्षक र कर्मचारीलाई सम्मान गरिएको छ। सम्मानित हुने शिक्षकमा पार्वती माध्यमिक विद्यालयका योगेन्द्र दाहाल, सरस्वती च्यारिबुक माध्यमिक विद्यालयका छत्रबहादुर शाही र कल्पना अधिकारी राउत, महेन्द्र आधारभूत विद्यालयका डिकबहादुर खड्

❖ बाँकी अन्तिम पृष्ठमा

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा
सम्पर्क: 9825952680 9816063266 9825952677 9804994595
सेफ्टी तथा ढल सफाइ गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
पहाडी क्षेत्रमा पनि सेवा उपलब्ध छ ।

प्रतिदिन वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PAL creation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०

मानव डेन्टल
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोविन्द घिमिरे : ९८१५५५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काँकरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

मेष: आज रोकिएका काम पुनः सुरु हुन सक्छन् । महिला वा मित्रबाट विशेष सहयोग

वृष: आज जुक्तिको प्रयोग गर्न सके एकपछि अर्को अवसर आउने छ ।

मिथुन: अधुरो या नयाँ कार्यको थालनी पनि हुनेछ । आर्थिक कारोबार भने कमजोर रहनसक्छ

कर्कट: मालसामान हराउन सक्छ । सानातिना समस्यामा अल्झनुपर्नेछ ।

सिंह: । रोकिएको धन हात पर्ला क्रोध, प्रतिशोध, रिसराग र उत्तेजना नियन्त्रण गर्नु राम्रो हुनेछ ।

कन्या: आज अरुलाई प्रभावित पारेर काम बन्नेछ। न्यायिक कार्यमा सफलता मिल्नेछ ।

तुला: सामान हराउने वा चोरी हुने सम्भावना छ । शुभचिन्तकहरूको सुझाव बेवास्ता गर्दा दुःख

वृश्चिक: दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।

धनु: आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

मकर: आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर बढ्न सक्छ ।

कुम्भ: कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।

मिन: आज कला, साहित्य तथा सङ्गीतमा रुचि बढ्नेछ । पारिवारिक साथ सहयोग मिल्ने